गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९८५८०२०१४४
९८६७४१००५२


प.सं. ०७९/०८० (प्रसाशन शाखा)
च.नं. १८८३

मिति २०८०/०१/१३

श्री सबै शाखाहरु र सबै वडाकार्यालयहरु,
गुराँस गाउँपालिका, कार्यालय, दैलेख ।

विषय: - निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय दैलेखको कार्यालय प्रमुखको वैठकको निर्णयको छायाँकपी यसै साथ संलग्न राखी पठाईएको छ । आफु संग सम्वन्धित निर्णय कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

वम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:-
श्री जिल्ला प्रशासन कार्यालय,
दैलेख ।
श्री सूचना प्रविधि शाखा :- पत्र Webside मा upload गरि दिनु हुन ।

गुराँस गाउँपालिका, रानिमत्ता, दैलेख
दर्ता नं.: १९८४
दर्ता मिति: २०८०।०१।१२
हस्ताक्षर:

**निर्णय नं१**

यस अघिको कार्यालय प्रमुखको वैठकका निर्णयहरु कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो।

**निर्णय नं२**

चालु आर्थिक वर्षको अन्तिम चौमासिक चलिरहँदा जिल्लास्थित संघीय,प्रादेशिक एवं स्थानीय पालिकाहरुबाट संचालित विकास योजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्ययोजना बनाई समयमै भुक्तानी दिलाउनको लागि कार्यालय प्रमुखहरुले वातावरण तयार पार्ने र सो को जानकारी अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयलाई गराउने।

**निर्णय नं ३**

पछिल्लो समय नयाँ भेरीयन्टको रुपमा देखिएको कोभिड-१९ बाट बच्नको लागि जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुले आफ्नो कार्यालयको हाताभित्र भौतिक दुरी कायम गर्ने,अनिवार्य मास्कको प्रयोग गर्ने, सावुन पानीले हातधुने व्यवस्था लगायतका जनचेतना जगाउने प्रचारप्रसार सामाग्रीहरु समेत को व्यवस्था गर्ने।

**निर्णय नं ४**

आगामी आर्थिक वर्ष २०८०/८१को वजेट बजेट विनियोजन गर्दा जिल्लास्थित संघीय,प्रादेशिक एवं स्थानीय तहका कार्यालयहरुले विपद व्यवस्थापन, दिगो विकास, रोजगार सृजना ,स्थानीय स्रोत साधनको उच्चतम प्रयोग एवं गरिवी निवारणमा प्रत्यक्ष सहयोग पुग्ने गरी गर्ने।

**निर्णय नं ५**

जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरुले लामो समयसम्म विदामा नवस्ने साथै अनिवार्य विदामा वस्नुपर्ने भएमा अनिवार्य रुपमा प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएर मात्र वस्ने।साथै सरकारी सम्पतिको संरक्षण र सदुपयोगमा मितव्ययिता अपनाई दुरुपयोग नहुने गरी व्यवस्थापन गर्ने।

**निर्णय नं ६**

जिल्लास्थित अत्यावश्यक सेवा प्रवाह,गर्ने कार्यालयहरुले सेवा प्रवाह गर्दा सेवाग्राहीलाई सहज एवं प्रभावकारी ढंगबाट वस्तु तथा सेवाको गुणस्तरीयता तथा समयावधिलाई उच्च प्राथमिक्तामा राखि व्यवस्थित ढंगबाट सेवा प्रवाह गर्ने/गराउने।

**निर्णय नं ७**

अत्यावश्यक सेवा प्रवाह गर्ने सरकारी कार्यालयहरुले प्रवाह गर्ने सेवालाई थप प्रभावकारी ढंगबाट संचालन गर्नको लागि संयन्त्र तयार पारी अत्यावश्यक सेवालाई उच्च प्राथमिकतामा राखि संचालन गर्ने।

**निर्णय नं ८**

कार्यालयको आवश्यक सुरक्षा प्रवन्ध सरकारीको सम्पती उचित व्यवस्थापन को लागि लगसिट तथा फजुल खर्च नियन्त्रण तथा वेरुजु कम हुने गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सन्तुलित भुक्तानी प्रणालीको व्यवस्था गर्ने।

२०८०/०१/०८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

गोगन बहादुर हमाल
प्रमुख जिल्ला अधिकारी